# पहिलो अध्याय

## भूमिला

## पहिलो अध्याय

### १- भूमिका

### १.१ विषय प्रवेश

जगत्‌मा अलङ्घ्य कार्य कारण भाव अथवा नियतिलाई देखेर यसको अधिष्ठाताको रूपमा परमसत्तालाई स्वीकार्न तत्त्वान्वेषी विषयका साधकहरू बढ्ता प्रवेष्ट छन् । जगत्‌का तत्त्वहरूलाई सूक्ष्मभावले विश्लेषण गर्दैजाँदा जगत्‌का प्रत्येक विभागमा नियम वर्तमान रहेको सत्य उति स्पष्ट हुँदैजाँदछ । यो नियम अत्यन्त जटिल र दुर्बोध्य छ तथापि एक विभागको नियम अर्को विभागको नियमसंग सम्बन्धित रहेका हुंदछन् । समस्त जगत्‌मा तथा ज्ञानराज्यमा यो नियमगत ऐक्यको आविष्कार नै विज्ञानको चरम कीर्ति हो । विशाल र वैचित्र्यपूर्ण भिन्नभिन्न ज्ञानराज्यमा एउटै मूल नियमको सत्ता एवं प्रभावलाई देखेर प्रत्येक विचारशील व्यक्ति अनन्त प्रकारका सांसारिक वैचित्र्यहरू पछि एक अखण्ड सत्ता विद्यमान छ भन्ने निष्कर्षमा पुग्दछन् ।

यस दृष्टिगोचर जगत्‌को अतिरिक्त एक अर्को जगत् पनि छ, तर ज्ञानेन्द्रियहरूको माध्यमले हामी त्यसलाई पत्ता लाउन सक्दैनौं, दृश्यजगत् र अदृश्य जगत् एकाकारमा मिलेर बसेका छन् ,उपयुक्त साधनहरू प्रयोग गरेर सही बाटो हिंडे त्यस इन्द्रियातीत जगत्‌मा पुग्नसकिन्छ; मृत्युपछि पनि आत्मा मर्दैन र त्यो दिव्यलोकमा निवास गर्दछ आदि धारणाका साथ अध्यात्मवादी दर्शन विकासोन्मुख रहेको पाइन्छ । दर्शनको क्षेत्रमा मात्र नभई ललितकलाको माध्यमबाट पनि अध्यात्मविचार प्रकाशित भएको पाइन्छ ।

ज्ञान-विज्ञानका बहुविध शाखा-प्रशाखा तथा कला-सौन्दर्यका सहस्रमुखी सरणिहरूमा विकसित मानवको बोधशक्ति र रागवृत्तिका अनन्त रूप विश्व-वैभवको अभिवृद्धिमा उपादान- हेतु सिद्ध भएका छन् । यिनीहरूको सृष्टि-वैचित्र्य विवेचित गर्नु सामान्य कार्य होइन । मानव केवल बहिर्जगत्‌का पार्थिव तत्त्वहरूको रहस्योद्घाटन गर्ने दिशामा

मात्र विकासोन्मुख नभई आध्यात्मिक साधना र आत्मचिन्तनाको चरम परिणतिको रूपमा 'अहं ब्रह्मास्मि' जस्तो अपार्थिव सिद्धि गर्नु पनि समर्थ भएको छ । यसको पञ्चभौतिक शरीरमा अधिष्ठित रहने आत्मतत्त्व सच्चिदानन्द एकघन परमात्माको अंश मानेर कैयौं महापुरुषहरूले तपश्चर्या र साधना गरेका छन् । दर्शनका साथै साहित्य पनि उनीहरू-को सुमधुर साधनाको प्रतिफल हो । यसै त सबै देशका विचारक तथा दार्शनिकहरूले आ-आफ्नो प्रज्ञा र विवेकशक्तिअनुसार यस्ता विषयमा आ-आफ्ना धारणा व्यक्त गरेका छन्, तथापि पूर्वीय मनीषीहरूको यस विषयक प्रदेय असाधारण र अनुपम कोटीको पाइन्छ । काव्य र जीवन-दर्शनको सहज र अविच्छेद्य सम्बन्ध हुनाले दार्शनिक पृष्ठभूमिमा पूर्वीय साहित्य विवेचित भएको कुरो स्वतः सिद्ध छ । यसै सन्दर्भमा नेपाली संस्कृति पनि आदिकालदेखि अध्यात्मपरक रहेको हुनाले नेपाली मनीषीहरूको अध्यात्म-चेतनाले ज्ञानका असंख्य रूपभित्रअन्तर्गत आत्मप्रसार गरिआएको पाइन्छ । यसैअन्तर्गत साहित्य पनि पर्ने हुनाले तथा साहित्यका अन्य विधामध्ये कविताले भावगत विशिष्टता वहन गर्ने हुनाले अध्यात्मवादी दृष्टिकोणको सापेक्षतामा नेपाली कविहरूका रचना विश्लेषित हुनु आवश्यकताअनुरूप ठहरिन्छ । आजको परिवर्तित दृष्टिकोणमा जड़वादी विचारधाराको प्राधान्य हुनाले कवितामा प्रकाशित अध्यात्मचिन्तनाको अध्ययन-लाई असामयिक ठानी उपेक्षित गर्ने चेष्टा गरिए तापनि नेपाली काव्य-पुरुषको चेतनांशमा निहित आध्यात्मिक प्रकाशपुञ्ज सदैव शाश्वत र अमर रहनेछ । अध्यात्म-चेतना नेपाली कविताका इतिहासको प्रारम्भदेखि आधुनिक युगसम्म कुनै न कुनै रूपमा अभिव्यञ्जित भइआएको छ । नेपाली कविताको विकासक्रममा यस अभिव्यञ्जनाको परम्परा कहिले गौण, कहिले प्रमुख रूपमा अभिव्यक्त भएको पाइँदछ । प्राथमिककालीन नेपाली कवितामा भक्तिमूलक प्रवृत्तिको रूपमा यसले प्रकाश पाएको छ भने माध्यमिककाल-मा आएर यो केही गौण भएको छ अनि आधुनिककालको प्रारम्भमा लेखनाथ पौड्याल र सोमनाथ सिग्द्याल प्रभृति कविहरूको उदयसँगसँगै नेपाली कवितामा पाइने अध्यात्म-चेतना बढी गम्भीर, सूक्ष्म र कलात्मक बन्न गएको पाइन्छ । काव्य-सिर्जना र काव्य-अध्ययनको अध्यात्मवादी दृष्टिकोणको सापेक्षतामा यी कविहरूका रचना नेपाली

साहित्यका विशिष्ट निधि प्रमाणित हुन्छन् । लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, माधव घिमिरे, केदारमान 'व्यथित', भवानी भिक्षु आदि स्वच्छन्दतावादी तथा आदर्शोन्मुख यथार्थवादी कविका काव्यकृतिमा पनि अध्यात्मचेतनाले विशिष्ट स्थान ओगटेको पाइन्छ ।

अध्यात्मचेतना जस्तो गम्भीर, व्यापक र लोककालातिक्रमणशील विषयको विराट् वैभव एवं अनन्तप्रसार जान्नु अत्यन्त दुःसाध्य कार्य हो किनभने विषयीगत सूक्ष्मताका साथ अध्यात्म कवितामा केन्द्रीभूत भई रुचिर रश्मि विकीर्ण गरिआएको हुँदछ । विवेच्य विषयको गुरुता र आफ्नो ज्ञानात लघुताको सम्यक् विचार गरी-पछि दर्शनका मूलभूत विचारणा र सैद्धान्तिक प्रपत्तिहरूको माध्यमबाट यथाशक्ति व्याख्या गर्ने उपक्रम भएको छ । साहित्यको विद्यार्थी हुनाले दर्शनको दुःसाध्य पक्षलाई गम्भीरतापूर्वक पूर्णतः मण्डन गर्न नसके तापनि नेपाली काव्यमा अभिव्यक्त हुने अध्यात्म चिन्तन यथासाध्य व्याख्या गर्ने प्रयास भएको छ । अग्रिम क्षमा याचना गर्दै तयार गरेको प्रस्तुत शोधग्रन्थको शीर्षक 'अध्यात्म-चेतनामूलक आधुनिक नेपाली कविताको विश्लेषण तथा मूल्याङ्कन' राखिएको छ र यस विषयलाई गम्भीरतापूर्वक चिन्तन गरेर यथायोग्य प्रतिपादन गर्ने काम भएको अनुभव गर्दछु ।

## १.२ विषयको क्षेत्र र सीमा

प्रस्तुत शोधग्रन्थ समग्रतः छ अध्यायमा पूर्ण भएको छ । आफ्नो कार्य-योजनालाई एक सुनिश्चित गति प्रदान गर्नको लागि प्रस्तुत शोध-विषयलाई चार मूलभूत अध्यायमा विभक्त गरी भिन्न-भिन्न उप-शीर्षकअन्तर्गत नियोजित गर्ने व्यवस्था गरिएको छ । यसो गरेर आफ्नो शोधयात्रालाई गन्तव्य भूमिमा पुऱ्याउने बाटोमा पृथक् पृथक् विरामस्थल निर्माण गर्ने उद्देश्य साँचिएको छ ।

शोधकृतिको दोस्रो अध्यायले नेपाली कविताको विकासक्रम र यसको परम्परा-

मा अध्यात्मचेतनाको प्रयोगबारे पीठबन्ध प्रस्तुत गर्दछ । नेपाली कविताको क्रीडा-स्थलमा अवतीर्ण हुनु अघि अध्यात्म-चेतनामूलक नेपाली कविताको आधारभित्ति र यसको प्रसारको पर्यालोचन उपस्थित गर्न सामाजिक, सांस्कृतिक र लोकसाहित्यिक आध्यात्मिक आधारको परिचय दिनु आवश्यक देखिएकोले दोस्रो अध्यायको पहिलो उप-शीर्षकमा यसबारे चर्चा गरिएको छ । दोस्रो उप-शीर्षकअन्तर्गत नेपाली कविताको विकासक्रमलाई पहिले प्रस्तुत गरी अर्को उप-शीर्षकमा नेपाली कवितामा अध्यात्म-चेतनाको प्रयोग परम्पराको विशद परिचय गराउने प्रयास गरिएको छ । नेपाली कवितामा अभिव्यञ्जित अध्यात्मचेतनाको विवेचना गर्दा प्रवृत्तिको आधारमा पनि निर्क्यौल गर्नुपर्ने बाध्यता हुनाले कालक्रमिक विवरणमा एकाध गतिरोध अवश्यै उत्पन्न भएको कुरो नस्वीकारी सकिन्न । वस्तुतः नेपाली साहित्यको बहुस्वीकृत कालविभाजनलाई नै यहाँ मान्यता दिइएको छ ।

तेस्रो अध्यायमा काव्य-अध्ययनका दृष्टिकोणबारे विवेचना गरिएको छ।अध्यात्मवादी दृष्टिकोणको विवेचना गर्नु अघि नै भौतिकवादी दृष्टिकोणको चर्चा गरेर जड़वादी विचारधारामा पनि प्रकाश पार्ने प्रयास गरिएको छ किनभने भौतिकवादी दृष्टिकोणको स्थापनामा पनि विद्वान् आचार्यहरूको तपश्चर्या स्तुत्य छ । इतर पक्षको परिचय भए मात्र वर्ण्य विषयको मर्यादा प्रकाशित हुनेमा विश्वास गर्न-सकिन्छ । तत्पश्चात् अध्यात्मवादी दृष्टिकोणलाई केही व्यापक आलोक दिई पौरस्त्य र पाश्चात्य काव्यशास्त्रहरूमा निहित अध्यात्मगत परिपाटीको सर्वेक्षण गर्ने प्रयास गरिएको छ । यसअन्तर्गत पहिले भारतीय काव्यशास्त्रमा अध्यात्मवादको भूमिका-लाई प्रस्तुत गर्दै काव्यचिन्तनको दृष्टिबाट काव्य-पुरुषको विषय-व्याप्ति र स्वरूप-बोध गराउनका साथै काव्यका हेतु, प्रयोजन र तत्त्वमा रहेको आत्मपक्ष उद्घाटित गरिएको छ । यसबाट भारतीय काव्य-चिन्तकहरू कसरी स्थूलता र वस्तु-परकतालाई पार गरेर सूक्ष्मता र अध्यात्मपरकतातिर उन्मुख भएका छन् भन्ने बुझिन्छ। अधिकांश नेपाली कविहरूको काव्यगत आधार पूर्वीय काव्यशास्त्र नै सिद्ध भएको हुनाले यसबारे सबदो सविस्तार चर्चा गरिएको छ ।

यति गरिसके पछि तेस्रो अध्यायकै अर्को उप-शीर्षकमा पाश्चात्य काव्यशास्त्रमा अध्यात्मवादको भूमिका पनि जोडिएको छ । केही आधुनिक नेपाली कवितामा अभिव्यक्त अध्यात्मवाद पाश्चात्य काव्यशास्त्रीय आधारमा पनि प्रतिष्ठित भएको हुनाले यसको आवश्यकता पर्न गएको हो । युग-जीवन र सांस्कृतिक जागरणमा पश्चिमी साहित्य र विचारधाराको प्रभाव पनि अत्यधिक छ भन्न सकिन्छ । यसको उपेक्षा गरेर कुनै पनि विषयको सम्यक् बोध हुन सक्दैन । यस अध्यायमा पाश्चात्य जीवन-दर्शन र काव्यानुचिन्तनलाई आधार बनाएर मुख्य काव्यसिद्धान्तहरूको संक्षिप्त विवरण प्रस्तुत गर्दै पाश्चात्य काव्यानुचिन्तनमा पनि अध्यात्मवादको भूमिका रहेको सत्यबारे सारगर्भित निष्कर्ष निकाल्ने कोशिश गरिएको छ । यसका साथै यथाप्रसङ्ग पूर्वीय काव्यचिन्तनसँग पाश्चात्य काव्यचिन्तनले कायम गरेको सर्वसामान्य तत्त्वको पनि एकाध सङ्केत दिइएको छ ।

तेस्रो अध्यायकै चौथो उप-शीर्षकमा नेपाली साहित्यालोचनामा अध्यात्मवादी चिन्तनको भूमिका प्रस्तुत गरिएको छ । नेपाली साहित्यविशेषको मौलिक साहित्यानुचिन्तन सिद्धान्त स्थापित भइसकेको छ भन्न नसकिए तापनि नेपाली साहित्यका विचारकहरूले विश्वविश्रुत काव्यसिद्धान्तहरूलाई उपजीव्य बनाएर भए पनि अध्यात्मवादी धारणालाई शास्त्रीय महत्त्व दिएको पाउँछौं ।

चौथो अध्यायमा अध्यात्म-चेतनामूलक नेपाली कविताको विश्लेषण गरिएको छ । यसको पहिलो उप-शीर्षकमा अध्यात्मचिन्तनका मूल प्रयोक्ता कविहरूको परिचय गराई दोस्रो, तेस्रो र चौथो उप-शीर्षकमा क्रमशः कवित्रयका काव्यकृतिमा अभिव्यक्त अध्यात्मचेतनाको विश्लेषण गरिएको छ । आधुनिक नेपाली कवितामा प्रवृत्तिविशेषलाई ग्रहण गरी स्वच्छन्दतावादी कविहरू देखापरेका छन् । अतः आन्तरिक अनुभूतिहरूको काल्पनिक अभिव्यक्तिलाई गुरुत्व दिने स्वच्छन्दतावादी कविहरूका कविता

पनि अध्यात्मचेतनाका दृष्टिले विवेच्य ठानी विश्लेषित गरिएको छ । यसका साथै कवितामा अध्यात्मचेतनालाई प्रकाशित गर्नमा कृतप्रविष्ट अन्य नेपाली कविहरू र उनी-हरूका काव्यकृतिलाई पनि विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

पाँचौं अध्यायमा अध्यात्म-चेतनामूलक आधुनिक नेपाली कविताको काव्यात्मक स्वरूप र मूल्य निर्धारण गर्ने योजना राखिएको छ । अध्यात्मचिन्तन वस्तुतः एउटा दर्शन मात्र हुँदछ तर दर्शनलाई रसमय वाणीमा व्यक्त गरेर त्यो कवितामय बन्दछ । कविको सौन्दर्यचेतनाले दर्शन पनि सहृदयजनवरेण्य बन्न सक्ने सत्यमा आस्थावान रही अध्यात्म-चेतनामूलक आधुनिक नेपाली कविताहरूको कलात्मक मूल्य-निर्धारण गर्ने कार्य यस अध्यायमा भएको छ । यस सन्दर्भमा अध्यात्मचेतनाका मूल प्रयोक्ता कविहरूका काव्यकृतिका साथै स्वच्छन्दतावादी र अन्यान्य कविहरूका विशेष कृतिहरू लिई मूल्याङ्कन गरिएको छ । यसो गर्नाले कविहरूका कवित्वको पनि परख हुनेमा विश्वास गर्न सकिन्छ । समय-सीमाका दृष्टिले अत्याधुनिक तथा समकालीन कविहरू-का कविता चाहिं विवेचनाधीन राख्न सम्भव नभएको कुरा अघिबाटै स्वीकार्दछु ।

## १.३ पूर्वकार्यको संक्षिप्त विवरण, सामाग्री सङ्कलन र औचित्य-निरूपण

आधुनिक नेपाली कविताको अध्यात्मचेतनागत पक्षको अध्ययनतर्फ विभिन्न समालोचकहरूको ध्यान दृष्टि रहेको भए तापनि यसलाई प्रमुख अध्ययनीय विषयका रूपमा ग्रहण गरी काव्यात्मक सिर्जनामा अध्यात्मचेतनाको भूमिका र मूल्यका दृष्टिले नेपाली कवितामा यसको प्रतिफलनको विश्लेषण र मूल्य-निर्धारण गर्ने एकान्त प्रयास भने अद्यावधि अपेक्षित नै रहेको बुझी यो शोधकार्य शुरू गरिएको हो । यस विषयको पूर्वाध्ययनको क्रममा वासुदेव त्रिपाठी, केशवप्रसाद उपाध्याय, चूडानाथ भट्टराय, राममणि रिसाल, रत्नध्वज जोशी, इन्द्रबहादुर राई, कुमार प्रधान, कृष्ण-चन्द्रसिंह प्रधान, भाइचन्द्र प्रधान, दयाराम श्रेष्ठ सम्भव, अम्बिकाप्रसाद अधिकारी, खेमराज केशवशरण, मोहनराज शर्मा आदिका विविध रचनाहरू प्रकाशित भएका

देखिन्छन् । यिनीहरूबाट थालिएको यस अध्ययनलाई सिङ्गो रूप दिनु र यसका विविध आयामहरूको विश्लेषण गर्नु नै यस अध्ययनको प्राप्ति मान्दछु ।

यस दृष्टिले परम्परागत तथा आधुनिक नेपाली कवितामा अभिव्यक्तिजन्य अध्यात्मचेतनाको प्रसारलाई प्रकाशगामी आयाम दिई अध्ययन केही रुद भयो कि भन्ने आशा गर्दछु । प्राप्य सामाग्रीको आधारमा सौन्दर्यतात्त्विक महत्त्वका माध्यमबाट नेपाली कविताको अन्तर्मुखी पक्ष उद्घाटन गर्ने उद्देश्यका साथ मूल्याङ्कन गर्ने काम यहाँ भएको छ ।

जहाँसम्म शोधकार्यको मौलिकताको प्रश्न छ, म यस विषयमा आत्मविज्ञप्ति गर्न किञ्चित्मात्र पनि अधिकारी छैन किनभने यसका मुख्य निर्णायक त काव्यमर्मज्ञ विद्वान्हरू नै हुन सक्दछन् । शोधकार्यका परिनिष्ठ- प्रणाली र व्यवहारिक प्रक्रियामा आफ्नो कार्यको मौलिकता आदि विषयमा शोधकर्ताको पक्षबाट केही न केही भन्ने उपचारगत परिपाटीलाई पालन गरेको तथ्य प्रष्ट्याउन चाहन्छु । अतः यसको अनुपालन गर्दै म संस्कृतबाट अनुदित ग्रन्थहरू र अंग्रेजी, हिन्दी, नेपालीभाषाका ग्रन्थहरूलाई तथा पत्र-पत्रिकामा प्रकाशित लेखहरूलाई नै उपजीव्य सन्दर्भको रूपमा ग्रहण गरेको कुरा स्वीकार गर्दछु किनभने तिनीहरूको आधार नलिएका वर्ण्य विषयको सम्यक् विश्लेषण र मूल्याङ्कन असम्भव हुने थियो । आफ्नो पक्षबाट त तिनीहरूकै अध्ययन र संयोजन गरी आफ्ना विषयलाई पुष्टि दिँदै एकान्त प्रवाहमा लेखनधर्म अनुपालन गर्ने काम गरेको छु । यस भन्दा केही अघि बढेर भन्नु हो भने मलाई थाहा भएसम्म 'आधुनिक नेपाली कवितामा अध्यात्मचेतना' जस्तो विषयमा शोधकार्य नभएको हुनाले मौलिक मान्न सकिने कुरा पनि आउँदैन । यस अर्थमा यो मौलिक शोध-प्रबन्ध हो ।

--00--